बैठक संख्याः ३६

मितिः २०८१।०५।१७

आज मिति २०८१।०५।१७ गते गुराँस गाउँपालिकाको ३६औं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री टोप बहादुर वि.सी ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरुमा छलफल गरि देहायका निर्णयहरु पारित गरियो।

तपसिलः

१. श्री टोप बहादुर वि.सी - गाउँपालिका अध्यक्ष
२. श्री शिवा कुमारी खड्का - गाउँपालिका उपाध्यक्ष
३. श्री धर्म बहादुर रावल - वडा अध्यक्ष वडा नं. १
४. श्री शेर बहादुर रावल - वडा अध्यक्ष वडा नं. २
५. श्री काशिराम शर्मा - वडा अध्यक्ष वडा नं. ३
६. श्री खड्क बहादुर शाही - वडा अध्यक्ष वडा नं. ४
७. श्री भुपेन्द्र बहादुर चन्द - वडा अध्यक्ष वडा नं. ५
८. श्री चन्द्र बहादुर राना - वडा अध्यक्ष वडा नं. ६
९. श्री नन्द बहादुर वि.सी - वडा अध्यक्ष वडा नं. ७
१०. श्री दीपेन्द्र वली - वडा अध्यक्ष वडा नं. ८
११. श्री अमृता कुमारी वि.सी - सदस्य
१२. श्री विर्मा वि.क - सदस्य
१३. श्री कुलविर वि.क - सदस्य
१४. श्री सम्झना कुमारी बुढा - सदस्य
१५. श्री पम्फी वि.क - सदस्य
१६. श्री भुमिसरा वली - सदस्य
१७. श्री दिनेश दाहाल - सचिव, नि.प्रमुख प्रशासकीय अधिकृत

सहयोगी कर्मचारी

१. श्री पवन कुमार भण्डारी - आ.ले.प शाखा
२. श्री पुर्णबहादुर वली - अध्यक्षज्युको सचिवालय सहयोगी

बैठकका प्रस्तावहरु:

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।

२. श्रावण महिनाको कार्यसम्पादन समिक्षा सम्वन्धमा।

३. आ.व. २०८०/८१ को भुक्तानी बाँकी सूची स्वीकृत गर्ने सम्वन्धमा।

४. आ.व. २०८१/८२ को खरिद योजना सदर गर्ने सम्वन्धमा।

५. शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा।

६. संविधान दिवस , शिक्षा दिवस र बाल दिवस मनाउने सम्वन्धमा।

७. "नमस्ते गुराँस कार्यक्रम" सम्वन्धमा

८. जिन्सी प्रतिवेदन सम्वन्धमा।

९. योजना कार्यान्वयन सम्वन्धमा।

१०. राजश्व सुधार योजना सम्वन्धमा।

११. निःशुल्क विधुत जडान सम्वन्धमा।

१२. कार्यालय परिसरमा रहेका सामाग्री व्यवस्थापन सम्वन्धमा।

१३. मर्मत सभार समिति गठन सम्वन्धमा।

१४. कार्यालय परिसरमा संरचना निर्माण सम्वन्धमा।

१५. जग्गा प्राप्ति सम्वन्धमा।

१६. विभिन्न सफ्टवेयर सम्वन्धमा।

१७. विविध

क) सामाजिक सञ्जालका अभिव्यक्ति सम्वन्धमा।

ख) कर्मचारी कार्वाही सम्वन्धमा।

ग) तिज विशेष कार्यक्रको भुक्तानी सम्वन्धमा।

घ) मेडिकल अधिकृतको विज्ञापन सम्वन्धमा।

ङ) लिजा, एल.इ.डी तथा एफ.आर.ए को कार्यसम्पादन टिम गठन सम्वन्धमा।

च) कर्मचारी वरियता, जिम्मेवारी तथा विस्तृत कार्यविभाजन सम्वन्धमा।

छ) नेपाल टेलिकमको इन्टरकम तथा सियुजी सिम लागु गर्ने सम्वन्धमा।

टोप बहादुर बि.सी.
अध्यक्ष

म.ले.प.फारम नं. २२१
साबिकको फारम नं.१८

गुराँस गाउँपालिका

गुराँस गाउँकार्यपालिकाको कार्यालय

भुक्तानी दिन बाँकीको खाता तथा कच्चाबारी

| बजेट उपशीर्षक नं / दायित्व सृजना भएको मिति | चालु खर्च खाता: कारोबार संकेत नं. | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त | भुक्तानी पाउनेको नाम | आर्थिक वर्ष: भुक्तानी दिन बाँकी रकम | २०८०/८१: भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| २०८१।०३।२४ | | | स्थायी स्वास्थ्य कर्मचारीहरुको तलब भत्ता | | | २१००००० | |
| २०८१।०३।२४ | | | करार कर्मचारीहरुको तलब भत्ता | | | ५४०००० | |
| २०८१।०३।२४ | | | करार शिक्षकहरुको तलब भत्ता | | | ५२००००० | |
| २०८१।०३।२४ | | | आर्थिक सहायता | | | २९६००० | |
| २०८१।०३।२४ | | | मिडिया डकुमेन्ट्री | | पिपल्स एक्सेस नेपाल प्रा.ली. | ५०८५० | |
| २०८१।०३।२४ | | | न्युन मूल्य पशुजन्य सामान ढुवानी | | नवयुग कृषि सहकारी संस्था लि. | २३३९७९ | |
| २०८१।०३।२४ | | | खाजा नास्ता | | केशी होटल एण्ड लज | ९८०० | |
| २०८१।०३।२४ | | | विविध खर्च | | धन बहादुर मल्ल | २९२१० | |
| २०८१।०३।२४ | | | उन्नत जातको घास खरिद | | आरती कृषि तथा पशुपंक्षी फर्म | ५०००० | सु |
| २०८१।०३।२४ | | | इन्टरनेट शुल्क | | ४ वटा विद्यालय | ४८००० | त्र |
| २०८१।०३।२४ | | | सर्वोत कानून अनुसन्धान तथा परामर्श केन्द्र | | नन्द बहादुर भण्डारी | २०५००० | उ |
| २०८१।०३।२४ | | | सारथि नेपाल | | जंग बहादुर मगराती | ५१८४८ | क |
| २०८१।०३।२४ | | | इन्धन | | उमा आयल स्टोर | ७४४५० | |
| २०८१।०३।२४ | | | मसलन्द | | सरस्वति इन्टरप्राईजेज एण्ड जनरल अर्डर सप्लायर्स | १८४२७० | |
| २०८१।०३।२४ | | | मसलन्द | | मुना डिजाईन सेन्टर | ४५०० | |
| २०८१।०३।२४ | | | मसलन्द | | सिद्धार्थ फोटो एण्ड भिडियोग्राफी सेन्टर | ११६५० | |
| २०८१।०३।२४ | | | मसलन्द | | सिद्धार्थ फोटो एण्ड भिडियोग्राफी सेन्टर | १८०८० | |
| २०८१।०३।२४ | | | संचार खर्च | | प्रमुख प्रशासकीय अधिकृत | १२००० | |
| २०८१।०३।२५ | | | मसलन्द | | कर्णाली इन्टरप्राईजेज एण्ड सप्लायर्स | १८९५८२ | |
| २०८१।०३।२६ | | | मसलन्द | | कालिका माध्यमिक विद्यालय गुराँस-८ | २४८०३५ | |
| | | | | | | ९५६५२५४ | |
| जम्मा | | | | | | | |

म.ले.प.फारम नं. २२१
साबिकको फारम नं.१८

गुराँस गाउँपालिका

गुराँस गाउँकार्यपालिकाको कार्यालय

भुक्तानी दिन बाँकीको खाता तथा कच्चाबारी

| बजेट उपशीर्षक नं / दायित्व सृजना भएको मिति | पुँजिगत खर्च खाता: कारोबार संकेत नं. | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त | भुक्तानी पाउनेको नाम | आर्थिक वर्ष: भुक्तानी दिन बाँकी रकम | २०८०/८१: भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| २०८१।०३।२४ | | | भेक तथा फार्म | | आवरण असोसियट्स प्रा.लि. / उर्मे प्रो | ५२६८०६ | |
| २०८१।०३।२४ | | | कृषि बहुउद्देश्य धरम पोखरा | | के.बि.गुल्ड कन्स्ट्रक्शन | १०६०९५३ | |
| २०८१।०३।२४ | | | गुराँस अस्पताल भवन तथा ल्याब | | नठैराज ईन्जिनियरिङ्ग सेवा प्रालि | २५६०८६ | |
| २०८१।०३।२४ | | | छोटेपोखरा [illegible] सडक मर्मत | | दिल्गाड निर्माण सेवा | ३२९९५ | |
| २०८१।०३।२४ | | | सामुदायिक भिजन संचालन | | श्री लालिकाँडा कृषि बहुउद्देश्यीय सहकारी संस्था लि. | ५४४४०१ | सु |
| २०८१।०३।२४ | | | [illegible] पुलिया सडक | | रामचन्द्र निर्माण सेवा | २६२३२१७ | त्र |
| | | | [illegible] पुलिया सडक | | शुभलक्ष्मी निर्माण सेवा | १८६५००० | ले |
| २०८१।०३।२४ | | | विविध खर्च | | निर्माण रोड्युल प्रालि | १६२७२० | क |
| २०८१।०३।२४ | | | [illegible] मावि भवन | | जगन्नाथ निर्माण सेवा | १०००००० | |
| | | | सडक बोर्ड नेपाल | | टि.एटी कन्स्ट्रक्सन | २०००००० | |
| | | | जम्मा | | | ७६७७१८२ | |

[signature]

[signature]

नि. प्रमुख प्रशासकीय अधिकृत

बैठकका निर्णयहरु:

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०८१/८२ को खरिद योजना श्रावण १५ भित्र निर्माण गरि अध्यक्ष समक्ष पेश गर्न खरिद ईकाईलाई निर्देशन दिने, गुराँस गाउँपालिकाको आफ्नै दररेट तयार गरि श्रावण १५ भित्र पेश गर्न भौतिक पुर्वाधार विकास समितिलाई पत्राचार गर्ने, आ.व. २०८१/८२ को नीति, कार्यक्रम तथा बजेट, बजेट कार्यान्वयन कार्ययोजना, अघिल्लो आ.व.को वित्तिय प्रगति सहितको विषयबस्तु समेटि पुस्तिका छपाई गर्ने लगाएतका कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथासिघ्र कार्यान्वयन गर्ने कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा २०८१ श्रावण महिना भित्र सम्पन्न गरिसक्ने केहि कार्यहरु सम्पन्न नभएको हुँदा भाद्र मसान्त वार्षिक कार्ययोजना बमोजिमका कार्यहरु सम्पन्न गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८०/८१ को संलग्न आर्थिक प्रशासन शाखाबाट पेश भए बमोजिमको भुक्तानी बाँकी सूची स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८१/८२ को संलग्न वार्षिक खरिद योजना सदर गर्ने निर्णय गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गुराँस गाउँ शिक्षा समितिको निर्णय अनुमोदन गर्ने तथा आगामी बैठक देखि छलफलका विषयवस्तुसंग सरोकार राख्ने वडा अध्यक्षज्यू हरुलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा सहभागी गराउने वा राय संकलन गरि बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा २०८१ सालको संविधान दिवस मनाउन तपसिलका सदस्य सहित मुल आयोजक समिति गठन गर्ने तथा शिक्षा दिवस समेत अन्तरक्रृयात्मक कार्यक्रम आयोजना गरि मनाउने निर्णय गरियो।

टोप बहादुर बि.सी.
अध्यक्ष

तपसिलः

गा.पा अध्यक्ष श्री टोप बहादुर वि.सी - संयोजक

सुशासन तथा संस्थागत विकास समिति संयोजक श्री दीपेन्द्र ओली - सदस्य

नि. प्रमुख प्रशासकीय अधिकृत श्री दिनेश दाहाल - सदस्य

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको नीति अनुरुप सार्वजनिक सेवा प्रवाहलाई चुस्त, प्रभावकारी, पारदर्शी र सेवग्राहीमैत्री बनाउन A2J/UNDP को आर्थिक तथा प्राविधिक सहयोगमा "नमस्ते गुराँस" नामक गुनासो व्यवस्थापन प्रणालीको सुरुवात गर्ने तथा सो सम्वन्धमा सम्पुर्ण वडा अध्यक्षज्यूहरु लगाएत शाखा प्रमुखहरुको उपस्थितिमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०८०/८१ को वार्षिक जिन्सी प्रतिवेदन पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको आ.व. २०८१/८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम, प्रदेश तथा संघीय सरकारबाट हस्तान्तरित पुँजिगत विकास योजनाको प्रभावकारी कार्यान्वयनका लागि, प्रदेश विषेश अनुदान तर्फको बजेट बाहेक, रु. २० लाख भन्दा माथिका योजनाहरु प्राविधिक लागत अनुमान बमोजिम खुला बोलपत्र आव्हान गरी निर्माण कार्य अघि बढाउने तथा विद्यालय भवन तर्फको बजेटमा शौचालय समेतको लागत अनुमान तयार गरी कार्यान्वयन गर्ने र सम्झौता बमोजिमको रकम व्यवस्थापन गर्ने निर्णय गरियो। साथै, कार्यपालिकाले निर्णय गरेका योजना बाहेकका निर्माण कार्यका हकमा सोझै खरिदलाई निरुत्साहित गरी खुला बोलपत्र आव्हानलाई प्राथमिकता दिई कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा गुराँस गाउँपालिकाको आ.व. २०८१/८२ को आन्तरिक आम्दानीको अनुमान रु. २ करोड १३ लाख भएकोमा उक्त अनुमान बमोजिम राजश्व संकलन गर्न राजश्व सुधार योजना बमोजिमका कार्यहरु गर्ने तथा आवश्यक परेमा राजश्व सुधार योजनालाई अध्यावधिक गर्दै लक्ष्य प्राप्त गर्न आवश्यक पहल गर्न तथा आ.व. २०८१/८२ का लागि ढुंगा, गिट्टी तथा बालुवाको नियमानुसार ठेक्का प्रकृया अघि बढाउन राजश्व परामर्श समितिलाई पत्राचार गर्ने निर्णय गरियो। साथै, आ.व. २०८०/८१ मा सम्झौता भई ढुंगा, गिट्टी तथा बालुवा वापत संकलन हुन पर्ने

दिनेश दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

राजश्व पटकपटक पत्राचार गर्दा समेत जम्मा नभएकाले जरिवाना सहित बाँकी राजश्व रकम जम्मा गर्न सम्बन्धित ठेकेदारलाई पत्राचार गर्ने र राजश्व जम्मा भई मौज्दात प्रमाणित नहुँदा सम्म कुनै पनि व्यक्ति वा संस्थालाई ढुंगा, गिट्टी तथा बालुवा बिक्री वितरण गर्न रोक्ने प्रयोजनका लागि सम्बन्धित वडा तथा प्रहरी चौकीलाई पत्र प्रेषित गर्ने समेत निर्णय गरियो।

निर्णय नं. ११
प्रस्ताव नं. ११ माथि छलफल गर्दा गुराँस गाउँपालिकाका विभिन्न वडामा बसोबास गर्ने विपन्न परिवारलाई वडा कार्यालयको सिफारिस तथा भौतिक पुर्वाधार समितिको निर्णयका आधारमा निशुल्क विधुत जडान गर्ने निर्णय गरियो।

निर्णय नं. १२
प्रस्ताव नं. १२ माथि छलफल गर्दा विगत आ.व हरुमा खरिद गरी गुराँस गाउँकार्यपालिकाको कार्यालय परिसरमा मौज्दात रहेका ह्यूम पाईपहरु गुराँस गाउँपालिका भित्रका सडक निर्माण कार्य गर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई तोकिएको जिल्ला दररेट बमोजिम राजश्व लिई उपलब्ध गराउने निर्णय गरियो । साथै, कार्यालयको स्वामित्वमा रहेका थोत्रा मोटरसाइकल, फलामजन्य सामाग्री तथा अन्य सामाग्रीहरु बढाबढमा लिलाम गर्ने निर्णय गरियो।

निर्णय नं. १३
प्रस्ताव नं. १३ माथि छलफल गर्दा गुराँस गाउँपालिकाका सवारी साधन मर्मत संभार कार्यलाई थप व्यवस्थित बनाउन तपसिलका सदस्य सहित सवारी मर्मत सिफारिस समिति गठन गर्ने तथा मर्मत आदेश र भुक्तानीका लागि उक्त समितिको सिफारिस अनिवार्य आर्थिक प्रशासन शाखामा बुझाउने निर्णय गरियो। साथै, गुराँस गाउँपालिकाको स्वामित्वमा रहेका २ पांग्रे सवारी साधन मर्मतका लागि एक आ.व.मा अधिकतम रु. १५ हजार मात्र उपलब्ध गराउने निर्णय गरियो।

तपसिल:

| | |
|---|---|
| भौतिक पुर्वाधार विकास समिति संयोजक | - संयोजक |
| सुशासन तथा संस्थागत विकास समिति संयोजक | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| आन्तरिक लेखा परिक्षक | - सदस्य |
| जिन्सी शाखा प्रमुख | - सदस्य सचिव |

दिनेश दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस कार्यालयको परिसरमा चमेना गृह सञ्चालन गर्न उपयुक्त स्थानमा संरचना निर्माण गर्ने तथा निर्माण कार्य सम्पन्न भए पश्चात चमेना गृह सञ्चालनका लागि सूचना जारी गर्ने निर्णय गरियो।

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा गुराँस गाउँपालिकालाई दान दिइएका तथा पालिकाले खरिद गर्नुपर्ने आवश्यक जग्गाहरुको प्राप्तिका लागि सहजिकरणका लागि जिल्ला प्रशासन कार्यलाय, मालपोत कार्यालय लगाएतका सरोकारवाला कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं. १६

प्रस्ताव नं. १६ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको लागि एकिकृत कार्यालय सञ्चालन, गुराँस सामुदायीक विधुतिकरण व्यवस्थापन, शिक्षा एवमं विधालय व्यवस्थापन लगाएतका सफ्टवेयर प्रणाली जडानका लागि प्रस्तावना आह्वान मार्फत सफ्टवेयर खरिद गर्ने निर्णय गरियो।

निर्णय नं. १७

प्रस्ताव नं. १७ का विविध विषयमा छलफल गर्दा तपसिलका निर्णयहरु गरियोः

क) गुराँस गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरुले सामाजिक सञ्जालमा संघीयता र शासकीय व्यवस्था प्रतिकुल हुने अभिव्यक्ति दिने तथा कार्यापालिकाले गरेका निर्णय माथि पदिय मर्यादा भन्दा माथी गई नकारात्मक प्रचारबाजी गरेको पाइएमा पहिलो पटक चेतावनी दिने तथा पुनः दोहोराएमा स्पष्टिकरण सोध्ने र जरिवाना/कार्वाही समेत गर्ने निर्णय गरियो।

ख) कार्यालयको निर्देशन बमोजिम कामकाजमा खटाइएका कर्मचारीहरुले आचरण विपरित तोकेको जिम्मेवारी बहन नगर्ने, तोकिएको स्थानमा हाजिर नहुने लगाएतका कार्य गरेमा के कति कारणले तोकिएको कामकाज नगरेको वा तोकिएको जिम्मेवारी बहन नगरेको हो भनि स्पष्टिकरण सोध्ने तथा चित्त बुझ्दो जवाफ प्राप्त नभएमा तलन भत्ता रोक्ने लगाएत प्रचलित कानुन बमोजिम कार्वाही प्रकृया अघि बढाउन कार्यालय प्रमुखलाई निर्देशन दिने निर्णय गरियो।

ग) गुराँस गाउँपालिका तथा महिला सञ्जाल गुराँस को संयुक्त आयोजनामा मिति २०८१/०५/१५ गते आयोजना भएको तिज विशेष कार्यक्रमको भुक्तानी विभिन्न दिवस तथा कार्यक्रम सञ्चालन शिर्षकबाट नियमानुसार भुक्तानी दिने निर्णय गरियो।

घ) गुराँस अस्पताल रानीमत्तामा रिक्त रहेको मेडिकल अधिकृत , ८ औं तह को नेपाल सरकारले तोकेको सुविधा तथा आवाश सुविधा उपलब्ध हुने गरि विज्ञापन गर्ने निर्णय गरियो।

टोप बहादुर बि.सी.
अध्यक्ष

ङ) लिजा, एल.इ.डी तथा एफ.आर.ए मा अधिकतम अंक प्राप्तिका लागि तपसिलको टिम गठन गर्ने निर्णय गरियो।

तपसिलः

| | |
|---|---|
| श्री हृदयराज शाही | - सूचना प्रविधि अधिकृत |
| श्री पवन भण्डारी | - आन्तरिक लेखा परिक्षक |
| श्री गोविन्द शाही | - सब-ईन्जिनियर |
| श्री खेमराज उपाध्याय | - जिन्सी शाखा |

च) गुरौंस गाउपालिका मातहतका कतिपय कर्मचारीहरुले पदीय मर्यादा बमोजिम जिम्मेवारी बहन तथा दावित्व निर्वाह नगर्ने तथा काम बाट पञ्छिने प्रवृति देखा परेकाले कर्मचारी वरियता, जिम्मेवारी तथा विस्तृत कार्यविभाजन सम्बन्धि खाका तयार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

छ) गुरौंस गाउँकार्यपालिकाको कार्यलयमा नेपाल टेलिकमको इन्टरकम तथा गुनासो व्यवस्थापन लगाएत प्रयोजनका लागि सि.युजी सिम प्रयोग गर्ने निर्णय गरियो।

अन्त्यमा, गुरौंस गाउँकार्यपालिकाको ३६औं बैठक १३ जना कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा माथी उल्लेखित एजेण्डाहरु उपर गहन छलफल गरि, सर्वसम्मत रुपमा निर्णयमा पुग्दै अत्यन्त सौहार्द रुपमा सम्पन्न भई, बैठकमा उपस्थित कार्यपालिका सदस्यज्युहरुलाई आवास, खाना, खाजा तथा यातायातको व्यवस्थापनको लागि कार्यालयलाई जिम्मेवारी दिंदै अध्यक्षज्युबाट समापनको जानकारी भयो।

दिनेश दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष